२०७३ साल पुस २७ गते बुधबारकादिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— लोक सेवा आयोगका माननीय अध्यक्षको दुबई भ्रमण स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— मानव अधिकार सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको व्यवस्था गर्न बनेको विधेयक, २०७३" परामर्शको लागि लोक सेवा आयोगमा पठाउने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी समिति सदस्य डा. हरिराम पराजुलीको चिली भ्रमण स्वीकृत गर्ने ।

४. अर्थ मन्त्रालय— अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक संस्थान वा निकायमा पदाधिकारीको नियुक्ति वा मनोनयन सम्बन्धी मापदण्ड, २०७३ लाई स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

५. अर्थ मन्त्रालय— महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने।

६. अर्थ मन्त्रालय— आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभाग अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा आर्थिक वर्ष २०७३।७४ का लागि कार्यसम्पादन परिसूचकहरुको आधारमा हालको आधारभूत तलवमानको बढीमा पचास प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने।

७. ऊर्जा मन्त्रालय— High Level Discussion on Opportunities and Challenges of Energy Systems Transformation in the Asia Pacific: How Far and How Fast Can the Region Go? विषयको छलफलमा माननीय ऊर्जा राज्यमन्त्रीलाई भाग लिन स्वीकृति दिने ।

८. कृषि विकास मन्त्रालय— 16th Regular Session of the Commission on Genetic Resources for Food and Agriculture मा कृषि विकास राज्यमन्त्रीलाई भाग लिन स्वीकृति दिने ।

९. गृह मन्त्रालय— Bangladeshi नागरिक Mr. Arif Hosen र Russian नागरिक Mr. Dmitry Kuznetsov लाई पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

१०. गृह मन्त्रालय— देहाय बमोजिमको रकम उपचार खर्च उपलब्ध गराउने ।

क्र.सं.	नाम थर, ठेगाना	रकम
१.	संजय प्रसाद यादव, बारा	रु.१,७७,९२५।-
२.	रेखा साह (राजपतिदेवी), पर्सा	रु.४६,६७४।-
३.	पन्ना लाल यादव, पर्सा	रु.१,६९,८८२।-
४.	शर्मा राय यादवा ,पर्सा	रु.६,५३,२९७।-
५.	भरत प्रसाद कुर्मी, कपिलबस्तु	रु.१६,२८९।-
६.	नथुनी राउत, महोत्तरी	रु.४०,०९५।-
७.	दुर्गेश यादव ,रुपन्देही	रु.६७,१५५।-
८.	रामप्यारी देवी कलवार ,महोत्तरी	रु.४,३६,५२५।-
९.	बाबुराम शर्मा, बर्दिया	रु.३,०००१७।-

१०.	शम्भु कुमार यादव, सिरहा	रु.६७,९६०।-
११.	ममता बानिया, बाँके	रु.६,२८५।-
१२.	अजय श्रीवस्ताव ,बाँके	रु.३८,७६४।-
१३	श्री दुर्गालाल श्रेष्ठ, काठमाडौ, ठमेल	रू. ५,००,०००।-

११. जनसंख्या तथा वातावरण मन्त्रालय— वातावरण संरक्षण (पाँचौ संशोधन) नियमावली, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१२. परराष्ट्र मन्त्रालय—Asia Cooperation Dialogue (ACD) को १५औं मन्त्रिस्तरीय बैठकमा परराष्ट्र मन्त्रीको नेतृत्वमा सहभागी हुने।

१३. परराष्ट्र मन्त्रालय— सम्माननीय प्रधानमन्त्रीको यू.ए.ई को औपचारिक भ्रमणको लागि प्रतिनिधिमण्डल गठन गर्ने ।

१४. परराष्ट्र मन्त्रालय— माननीय परराष्ट्र मन्त्री डा. प्रकाश शरण महतको भारत र कतार भ्रमणको स्वीकृति गर्ने ।

१५. रक्षा मन्त्रालय— महा सेनानी आनन्द कुमार अधिकारीको पदावधि थप गर्ने ।

१६. रक्षा मन्त्रालय— भारतीय स्थल सेनाध्यक्षलाई नेपालको औपचारकि भ्रमणको नमिन्त्रणा गर्न स्वीकृति दिने।

१७. रक्षा मन्त्रालय— 17th Annual International Armoured Vehicles Summit मा नेपाली सेनाका उपरथी श्री शरद कुमार गिरीलाई सहभागी हुन स्वीकृति दिने ।

१८. वन तथा भूसंरक्षण मन्त्रालय— तारा चन्द्र केडियालाई चूनढुङ्गा उत्खनन आयोजना संचालन गर्नका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न र रुखबिरुवाहरु हटाउन स्वीकृति दिने।

१९. वन तथा भूसंरक्षण मन्त्रालय— धरान खानेपानी आयोजनाको पानी टंकी निर्माणका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न र रुखहरु हटाउन स्वीकृति दिने ।

२०. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— राहत तथा पुनःस्थापना इकाई र नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ को राहत उपलब्ध गराउने म्याद थप गर्ने।

२१. शिक्षा मन्त्रालय— केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ र जिल्लास्तरीय आयोजना कार्यान्वयन ईकाइमा अस्थायी दरबन्दी सृजना गर्न स्वीकृति दिने ।

२२. शिक्षा मन्त्रालय— British Council Examination and Assessment Study Tour" मा शिक्षा मन्त्रालयका सचिव श्री शान्तबहादुर श्रेष्ठलाई सहभागी हुन स्वीकृति दिने।

२३. शिक्षा मन्त्रालय— शैक्षिक सत्र २०७३ को माध्यमिक शिक्षा परीक्षा (कक्षा१०) को नियमित, एक्जेम्टेड तथा आंशिक ग्रेडवृद्धि (पूरक-ग्रेडवृद्धिसमेत) परीक्षाको प्रश्नपत्रहरु पूर्ण गोपनीयता कायम गरी तोकिएको समयभित्र परीक्षा नियन्त्रण कार्यालयले जनक शिक्षा सामग्री केन्द्रसँग प्रचलित दररेट लिई वार्ताद्वारा दररेट कायम गरी केन्द्रको मुद्रणालयमा सोझै छपाइ कार्य गर्ने ।

२४. श्रम तथा रोजगार मन्त्रालय— रोजगार अनुमती प्रणाली (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७३" स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— लोक वार्ता परिषद्, नेपाललाई ५ लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

२६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— Meeting of Regional Director of ICAO Asia & Pacific Office कार्यक्रममा सहभागी हुन मा. मन्त्री श्री जीवनबहादुर शाहीलाई स्वीकृति दिने ।

२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— लुम्बिनी विकास परिषद्का कोषाध्यक्ष पदमा श्री सुरेन्द्र मुनि शाक्य, तानसेन न.पा. ४, पाल्पालाई ५ वर्षका लागि मनोनयन गर्ने ।

२८. सहकारी तथा गरिबी निवारण मन्त्रालय— सहकारी संस्थालाई अनुदान र सुविधा प्रदान गर्ने निर्देशिका २०७३ स्वीकृत गर्ने ।

२९. सामान्य प्रशासन मन्त्रालय— कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर लोक सेवा आयोगको परामर्श माग गर्ने।

३०. सामान्य प्रशासन मन्त्रालय— निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक उपर लोक सेवा आयोगको परामर्श माग गर्ने ।

३१. सामान्य प्रशासन मन्त्रालय— जिल्ला बन कार्यालय, ताप्लेजुङको खोक्लिङ इलाका बन कार्यालयमा कार्यरत बनरक्षक श्री गणेशबहादुर शाहीलाई विशेष आर्थिक सहयोग बापत रु. १०,००,०००।— दिने ।

३२. मिति ०७२/१०/८ को मन्त्रिपरिषद्को बैठकबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त लोकमान सिंह कार्कीको कार्यकाल समाप्तिपछि पनि आपराधिक व्यक्ति वा समूहद्वारा प्रतिशोधको भावना राखी सुरक्षा जोखिममा पार्न सक्ने प्रबल सम्भावना र संवेदनशीलता समेतलाई दृष्टिगत गरी निज पदबाट अवकाश भएपछि पनि आजीवन पछुवासहितको सशक्त सुरक्षा व्यवस्था गृह मन्त्रालयले मिलाउने निर्णय भएकोमा सोको सट्टा सुरक्षासम्बन्धी प्रचलित मापदण्डबमोजिम गृह मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

३३. राष्ट्रिय सूचना आयोगका सचिव श्री शरदराज विष्ट उमेरको हदको कारणबाट अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

३४. वन तथा भू-संरक्षण मन्त्रालयका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव डा. कृष्णचन्द्र पौडेलले आफ्नो पदबाट दिनुभएका राजिनामा स्वीकृत गर्ने । उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिँदै उहाँको सेवानिवृत्त जीवन सुखमय रहोस् भन्ने कामना गर्ने ।

३५. सार्वजनिक विदाको वढ्दो माग र विदा बढ्ने क्रमलाई मनन गरी सार्वजनिक क्षेत्रलाई प्रभावकारी बनाउनका लागि राष्ट्रिय पर्व लगायतका सार्वजनिक विदाका सम्बन्धमा पुनरावलोकन गर्न गृह मन्त्रालयलाई निर्देशन दिने ।

३६. प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत श्री सुशील ज्ञवालीले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निजलाई ऐनको दफा ११ को उपदफा (४) बमोजिम प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतको पदबाट हटाउने ।

३७. पुनर्निर्माण प्राधिकरणमा रिक्त रहन आएको प्रमुख कार्यकारी अधिकृत पदमा प्रा. डा. गोविन्दराज पोखरेललाई बाँकी अवधिका लागि नियुक्त गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७३ साल पुस २१ गते बिहिबारकादिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीको कार्य विस्तृतीकरण सम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने तथा नयाँ दरवन्दी सिर्जना तथा पदपूर्ति विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२. अर्थ मन्त्रालय— कार्यबाहक महालेखापरीक्षक श्री सुकदेव खत्रीलाई एसोसाईको सञ्चालन बोर्डको बैठकमा सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

३. अर्थ मन्त्रालय— संघीय आकस्मिक कोष सम्बन्धी विधेयक, २०७३" व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने ।

४. अर्थ मन्त्रालय— दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग सडक सुधार आयोजनाका लागि एसियाली विकास बैंकले प्रदान गर्ने ऋण सहायता स्वीकार गर्ने।

५. उद्योग मन्त्रालय— थाइल्याण्ड र लाओसका विभिन्न औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्रहरूको भ्रमण गर्न उद्योग सचिवलाई स्वीकृति दिने।

६. ऊर्जा मन्त्रालय— Zayed Future Energy Prize कार्यक्रम तथा World Future Energy Summit को समुद्घाटन समारोहमा अतिथिका रुपमा सहभागी हुन माननीय ऊर्जा मन्त्रीज्यूलाई स्वीकृति दिने ।

७. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— सर्वोच्च अदालत र सो अन्तरगतका अदालतहरु, न्याय परिषद् र न्याय सेवा आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरुलाई प्रचलित आधारभूत तलवमानको पचास प्रतिशतसम्म आर्थिक वर्ष २०७३।०७४ को लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराउने।

८. कृषि विकास मन्त्रालय— 9th Berlin Agricultural Minister's Conference in Berlin, Germany मा कृषि विकास मन्त्रीलाई सहभागी हा स्वीकृति दिने ।

९. परराष्ट्र मन्त्रालय— टर्कीको इस्तानवुल शहरका लागि अवैतनिक नेपाली महावाणिज्यदूत Ms. Fatma Gunseli Malkoç को १६ डिसेम्वर २०१५ देखि लागू हुनेगरी १५ डिसेम्वर २०१९ सम्म चार वर्षको लागि म्याद थप गर्ने।

१०. पशुपंक्षी विकास मन्त्रालय— पशु विकास फार्म, पोखरामा ज्यालादारीमा कार्यरत कामदार श्री राम उदगार यादवलाई आर्थिक सहायता वापत रु १ लाख ५० हजार रुपैया उपलब्ध गराउने ।

११. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— देहायबमोजिमको व्यवस्था भूमिसुधार तथा व्यवस्था मन्त्रालयले कार्यान्वयन गर्ने गरी होङ्गसी शिवम सिमेन्ट प्रा.लि. लाई हदवन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति दिने —

(क) हदवन्दी भन्दा बढीको जग्गा जुन प्रयोजनको लागि स्वीकृति पाएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा भूमि सम्बन्धी ऐन, २०२१ समेतका आधारमा नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयले जफत गर्ने ।

(ख) हदवन्दी भन्दा बढी जग्गा उपयोगको विषयकोमा वार्षिक रूपमा भूमिसुधार तथा व्यवस्था मन्त्रालय र उद्योग मन्त्रालयले छुट्टा छुट्टै मूल्याङ्कन गरी सोको प्रतिवेदन सार्वजनिक गर्ने ।

(ग) उद्योग लगायत अरू क्षेत्रमा हदवन्दी भन्दा बढी जग्गा छुट दिएको समग्र एकीकृत लगत राखी अध्यावधिक वार्षिक प्रतिवेदन भूमिसुधार तथा व्यवस्था मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष नियमित रूपमा पेश गर्ने ।

(घ) हदवन्दी भन्दा बढी जग्गा उपयोग गर्ने कम्पनी, संस्था, व्यक्ति आदिले जग्गा उपयोग योजना र अध्यावधिक स्थितिको वार्षिक प्रतिवेदन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पेश गर्नुपर्ने ।

(ङ) हदवन्दी भन्दा बढी जग्गा उपयोग गर्ने उद्योग तथा प्रतिष्ठानले यस्तो जग्गा उपयोग गर्दा फेला पारेको खानी तथा खनीजजन्य पदार्थको विषयकोमा तत्काल खानी तथा भूगर्भ विभागलाई सूचना दिनुपर्ने ।

१२. वन तथा भूसंरक्षण मन्त्रालय— कुस्मा-तल्लोमोदी १३२ के.भी. विद्युत प्रसारणलाईन आयोजना निर्माण तथा संचालनका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न र रुखविरुवाहरू हटाउन स्वीकृति दिने।

१३. वन तथा भूसंरक्षण मन्त्रालय— द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडको संचालक समितिको अध्यक्षको राजीनामा स्वीकृत गर्ने।

१४. वाणिज्य मन्त्रालय— जर्मनीको हयानोभरमा आयोजना हुने गलैंचाको अन्तराष्ट्रिय प्रदर्शनीमा माननीय वाणिज्य मन्त्रीलाई भाग लिन स्वीकृति प्रदान गर्ने ।

१५. शिक्षा मन्त्रालय— विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिका कार्यकारी निर्देशक केदार प्रसाद साहले दिनु भएको राजिनामा स्वीकृति गर्ने ।

१६. श्रम तथा रोजगार मन्त्रालय— वैदेशिक रोजगार प्रर्वद्धन बोर्डको कार्य संचालन निर्देशिका, २०६८ को संशोधन गर्ने ।

१७. सहरी विकास मन्त्रालय— एकीकृत सहरी विकासका लागि समिति गठन गर्ने ।

१८. स्वास्थ्य मन्त्रालय— राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र स्थापना गर्ने ।

१९. स्वास्थ्य मन्त्रालय— नेपाल स्वास्थ्य सेवा, एकिकृत चिकित्सा समूह, एघारौं तह (प्रा.) निर्देशक/प्रमुख स्वास्थ्य प्रशासक पदमा डा. विनोद कुमार गिरीलाई नियुक्ति गर्ने ।

२०. स्वास्थ्य मन्त्रालय— स्वीटजरल्याण्डको जेनेभामा हुने कार्यक्रममा माननीय स्वास्थ्य मन्त्रीको सहभागी हुने।

२१. स्वास्थ्य मन्त्रालय— वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल संचालक समितिको सदस्यहरु डा. शीला बर्मासमेतलाई पदमुक्त गर्ने ।

२२. स्वास्थ्य मन्त्रालय— वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल संचालक समितिको सदस्यमा डा. सरिता घिमिरेसमेतलाई नियुक्त गर्ने ।

२३. राष्ट्रिय पुनर्निर्माणका प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत श्री सुशील ज्ञवालीलाई भूकम्पबाट प्रभावित संरचनाको पुननिर्माण सम्बन्धी ऐन, २०७२ को दफा ११ को उपदफा (४) बमोजिम निजलाई सो प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतको पदबाट किन नहटाउने हो ? सो सम्बन्धमा थप स्पष्ट गर्नुपर्ने आधार र कारण भए चौबिस घण्टाको म्याद दिइ पुनः स्पष्टीकरण माग गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७३ साल पौष १४ गते बिहिबारकादिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— जापानको टोकियोमा आयोजना हुने "Regional Development: Fiscal Risk, Fiscal Space and SDGs" विषयक सम्मेलनमा नेपाल सरकारलाई कुनै किसिमको आर्थिक दायित्व नपर्ने गरी राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठलाई भाग लिन स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय— पोखरा खानेपानी सुधार आयोजना कार्यान्वयन गर्न जापान सरकारबाट प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने ।

४. अर्थ मन्त्रालय— सुरक्षित कारोवार नियमावली, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

५. अर्थ मन्त्रालय— एशियाली विकास बैंकबाट अनुदान सहायता स्वीकार गर्ने ।

६. अर्थ मन्त्रालय— युरोपियन युनियनको EU-Nepal Practical Partnership for Technical Vocational Education and Training Reform कार्यक्रम सञ्चालनको लागि अनुदान सहायता स्वीकार गर्ने ।

७. अर्थ मन्त्रालय— विमा समितिको अध्यक्षमा श्री चिरञ्जिबि चापागाईलाई नियुक्ति गर्ने ।

८. ऊर्जा मन्त्रालय— माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजनाको पहुँचमार्गको मर्मतसम्भार गराउन थप बजेट उपलब्ध गराउने ।

९. गृह मन्त्रालय— नयाँदिल्लीमा हुने भारतीय सशस्त्र सीमा बलको ५३ औं बार्षिकोत्सवको कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक दुर्जकुमार राईलाई सहभागी हुन स्वीकृति दिने।

१०. गृह मन्त्रालय— अध्यागमन ऐन, २०४९ को दफा ९(१), ९(१क) बमोजिम अमेरिकी नागरिक Mr. Craig Aden Broderick लाई २ वर्ष पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

११. परराष्ट्र मन्त्रालय— समुह -७७ अन्तर्गत स्थापित दक्षिण-दक्षिण सहयोग प्रवर्धनका लागि स्थापित Perez-Guerrero Trust Fund (PGTF) लाई नेपालको तर्फबाट एकपटकका लागि आर्थिक योगदान स्वरुप अमेरिकी डलर पाँच हजार अनुदान उपलब्ध गराउने ।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को अनुसूचीमा इन्जिनियरिङ्ग बिषयहरू थप गर्ने ।

१३. रक्षा मन्त्रालय— महा सेनानी रामनाथ शर्मा ढुंगानाको पदावधि थप गर्ने ।

१४. रक्षा मन्त्रालय— प्रमुख सेनानी रबिन्द्र के.सी.लाई महा सेनानी दर्जामा पदोन्नति गर्ने ।

१५. वन तथा भू-संरक्षण मन्त्रालय— झुप्रा बृहत खानेपानी तथा सरसफाई आयोजनाको निर्माण एवं सन्चालनका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न र रुखहरू हटाउन स्वीकृति दिने।

१६. शिक्षा मन्त्रालय— बेलायतमा आयोजना हुने शिक्षा विश्व मञ्च (Education Word forum 2017) मा नेपाल सरकारलाई व्ययभार नहुने गरी माननीय शिक्षामन्त्री धनिराम पौडेललाई सहभागी हुन स्वीकृति दिने ।

१७. श्रम तथा रोजगार मन्त्रालय— माननीय श्रम तथा रोजगार राज्यमन्त्रीको श्रीलंका भ्रमण स्वीकृत गर्ने ।

१८. श्रम तथा रोजगार मन्त्रालय— कार्यस्थलमा हुने प्रकाशको स्तर (मापदण्ड), २०७३ स्वीकृति गर्ने ।

१९. श्रम तथा रोजगार मन्त्रालय— कार्यस्थलमा हुने ध्वनीको स्तर (मापदण्ड), २०७३ स्वीकृति गर्ने ।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— मेड्रिड शहरमा हुने पर्यटन मेला (FITUR) तथा Adventure Travel Show (ATS) पर्यटन मेलाहरुमा सचिव श्री शंकरप्रसाद अधिकारीलाई सहभागी हुन स्वीकृति दिने ।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— भाषा आयोग सम्बन्धी विधेयक व्यवस्थापिका-संसद समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२२. सामान्य प्रशासन मन्त्रालय— उपसचिव श्री दिनेशनाथ कोइरालालाई रा.प. प्रथम श्रेणी (विशेष) को पदमा बढुवा गरी स्वैच्छिक अवकाश दिने ।

२३. सामान्य प्रशासन मन्त्रालय— कम्पनी रजिष्ट्रारको कार्यालयको दरवन्दी र सङ्गठन संरचना स्वीकृति गर्ने।

२४. सूचना तथा सञ्चार मन्त्रालय— ITU लाई शुल्क भुक्तानी गर्ने ।

२५. स्वास्थ्य मन्त्रालय— विकास समिति ऐन, २०१३ को दफा ३ को अधिकार प्रयोग गरी गठन भएका गठन आदेश बमोजिम बिभिन्न पदाधिकारी तथा सदस्यको मनोनयन र नियुक्ति गर्ने नेपाल सरकारमा निहित अधिकार स्वास्थ्य मन्त्रालयलाई प्रत्यायोजन गर्ने ।

२६. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री बेगेन्द्रराज शर्मा पौड्याललाई बढुवा गरी क्षेत्रीय प्रशासक, मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतमा पदस्थापन गर्ने ।

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत श्री सुशिल ज्ञवालीले कानून बमोजिम आफ्नो पदीय जिम्मेवारी र कर्तव्य सन्तोषजनक रुपले सम्पादन गर्न नसकेको देखिंदा निजसँग भूकम्पबाट प्रभावित संरचनाको पुननिर्माण सम्बन्धी ऐन, २०७२ को दफा ११ को उपदफा (४) बमोजिम सात दिनको म्याद दिई स्पष्टीकरण (सफाई) माग गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७३ साल पुस ७ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. आपूर्ति मन्त्रालय— आपूर्ति मन्त्रालय अन्तर्गतका सावर्जनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७३ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२. उद्योग मन्त्रालय— नेपाल औषधी लिमिटेडको महाप्रबन्धक पदमा श्री रोभस कुसम सुवेदी नियुक्ति गर्ने ।

३. ऊर्जा मन्त्रालय— नेपाल इन्जिनियरिङ्ग सेवा परामर्शदाता कम्पनी स्थापना गर्ने ।

४. ऊर्जा मन्त्रालय— राष्ट्रिय विद्युत व्यापार कम्पनी स्थापना गर्ने ।

५. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन बमोजिमको पुनरावेदन समितिको अध्यक्षमा प्रदेश नं.३ उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री प्रमोदकुमार वैद्य श्रेष्ठलाई तोक्ने ।

६. गृह मन्त्रालय— बंगलादेशी नागरिक Md Hosen Ali Molla समेत ४ जना विदेशी नागरिकहरुलाई तोकिएको अवधिभर पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

७. गृह मन्त्रालय— नेपाल चेम्बर अफ कमर्सको (पाँचौ संशोधन) विधान स्वीकृत गर्ने ।

८. गृह मन्त्रालय— मानव अधिकारवादी नेता टेकनाथ रिजाललाई रु ५,००,०००।– आर्थिक सहायता उपलव्ध गराउने।

९. गृह मन्त्रालय— नेपाल प्रहरीको प्रहरी वरिष्ठ उपरीक्षक पद -१ लाई स्थानान्तरण समायोजन गर्न स्वीकृति दिने ।

१०. गृह मन्त्रालय— पाकिस्तानी नागरिक Mehdi समेत २ जना विदेशी नागरिकहरुलाई तोकिएको अवधिभर पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

११. गृह मन्त्रालय— नेपाल विशेष सेवा (सत्रौं संशोधन) नियमावली, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१२. गृह मन्त्रालय— नेपाल उद्योग वाणिज्य महासंघको (छैठौं संशोधन) विधान स्वीकृत गर्ने ।

१३. गृह मन्त्रालय— देहायका व्यक्तिहरूलाई उपचार खर्च उपलब्ध गराउने—

   १. श्री दिपक विश्वकर्मा, टिकापुर नगरपालिका -९ - रु.१,५०,०००।
   २. श्री शिवशरण न्यौपाने, का.म.न.पा.- २३, काठमाडौंलाई तीन लाख रूपैयाँ
   ३. श्री सर्जन वि.क., फुकोट-८, कालिकोटलाई पाँच लाख रूपैयाँ
   ४. श्री झंकार रावल, मंगलशेन-९, अछामलाई तीन लाख रूपैयाँ
   ५. श्री काशिराम बुढामगर, राङकोट-६, रोल्पालाई तीन लाख रूपैयाँ

१४. गृह मन्त्रालय—INTERPOL को 23rd ARC Hotel Hyatt Regency मा गर्न स्वीकृति प्रदान गर्ने ।

१५. जनसङ्ख्या तथा वातावरण मन्त्रालय— जैविक ऊर्जा रणनीति, २०७३ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१६. परराष्ट्र मन्त्रालय— संयुक्त राष्ट्रसंघीय कार्यालयका लागि नेपालको स्थायी नियोग, भियना र नेपाली महावाणिज्यदूतावास, ग्वान्जाओमा सिर्जित दरबन्दीको वैदेशिक भत्ता तथा तलब तोक्ने ।

१७. परराष्ट्र मन्त्रालय— नेपाल र मंगोलियाबीच भिसा उन्मुक्ति सम्बन्धी सम्झौता गर्ने ।

१८. परराष्ट्र मन्त्रालय— Multilateral Agreement for the Establishment of an International Think Tank for Landlocked Developing Countries मा सम्मिलनको माध्यमबाट नेपाल आबद्ध हुने।

१९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— रुपन्देही जिल्ला, साविक सिद्धार्थनगर नगरपालिका वडा नं. ५ को दक्षिणी किनारामा बाटोको संकेत रहेको गाउँ ब्लक जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७३ स्वीकृत विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— राजपत्रांकित अधिकृत स्तरको अस्थायी दरवन्दी सिर्जना गर्ने।

२१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— काठमाडौं-तराई/मधेस फाष्ट ट्र्याक सडक आयोजनालाई नेपाल सरकार आफैले निर्माण गर्ने ।

२२. युवा तथा खेलकुद मन्त्रालय— AFC SOLIDARITY FOOTBALL CUP, 2016 प्रतियोगितामा सहभागी नेपाली राष्ट्रिय फुटबल टिमलाई नगद पुरस्कार सहित सम्मान गर्ने ।

२३. वन तथा भूसंरक्षण मन्त्रालय— सशस्त्र वन रक्षक (गठन र सञ्चालन) सम्बन्धी कानून निर्माणको सैद्धान्तिक सहमति प्रदान गर्ने ।

२४. वन तथा भूसंरक्षण मन्त्रालय— सशस्त्र प्रहरी बल गुल्मीको गुल्मलाई वनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२५. वन तथा भूसंरक्षण मन्त्रालय— शुक्लाफाँटा वन्यजन्तु आरक्षलाई राष्ट्रिय निकुञ्जको रुपमा घोषणा गर्ने ।

२६. वाणिज्य मन्त्रालय— नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको सञ्चालक समितिको अध्यक्ष मा श्री पुरूषोत्तम ओझालाई नियुक्ति गर्ने ।

२७. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— शान्ति कोष (संचालन) (तेस्रो संशोधन) नियमावली, २०७३ स्वीकृत गर्ने ।

२८. शिक्षा मन्त्रालय— यूएइको दुवईमा आयोजना हुने GESF Conference मा नेपाल सरकारलाई व्ययभार नहुने गरी माननीय शिक्षामन्त्री धनिराम पौडेललाई सहभागी हुन स्वीकृति दिने ।

२९. श्रम मन्त्रालय— वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८१ बमोजिम नेपाल सरकारमा निहित भएको अधिकार श्रम तथा रोजगार मन्त्रालयलाई प्रत्यायोजन गर्ने ।

३०. सहरी विकास मन्त्रालय—

१. पुनर्निर्माणको लागि करारमा नियुक्त भै CLPIU / DLPIU /गा.वि.स./न.पा. मा खटिएका प्राविधिक तथा अन्य कर्मचारीलाई सूचक/मापदण्डको आधारमा कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता मिति २०७३।०७।१० देखि लागु हुने गरी मिति २०७४ असार मसान्तसम्म उपलब्ध गराउन स्वीकृति दिने ।

२. कार्यस्थलमा ६ महिना भन्दा वढी सेवा करारमा काम गरेका इन्जिनियर, सवइन्जिनियर र असिस्टेन्ट सवइन्जिनियरहरुलाई निजहरुले खाइपाई आएको एक महिनाको शुरु पारिश्रमिक

वरावरको रकम चाडपर्व खर्च उपलब्ध गराउन एवं वार्षिक प्रतिव्यक्ति रु. २४००/- (दुई हजार चारसय) प्रमियम भुक्तानी गर्ने गरी व्यक्तिगत दुर्घटना विमा गरिदिन स्वीकृति दिने ।

३१. सामान्य प्रशासन मन्त्रालय— महिला बिकास अधिकृत श्री प्रभाकुमारी श्रेष्ठलाई Metastatic Carcinoma Colon भएकोले उपचार खर्च थप आर्थिक सहायता रु. ५,००,०००/- थप आर्थिक सहायता दिने ।

३२. सामान्य प्रशासन मन्त्रालय— प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त विषयको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

३३. सामान्य प्रशासन मन्त्रालय— खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पर्वतमा कार्यरत खा.पा.स.टे. श्री गोविन्दराम देवकोटालाई Solitary Plasmaocytoma of Right Rib भएकोले उपचार खर्च रु. ५,००,०००/- थप आर्थिक सहायता दिने ।

३४. सूचना तथा सञ्चार मन्त्रालय— राष्ट्रिय आमसञ्चार नीति, २०७३ कार्यान्वयन सुझाव समिति गठन गर्ने ।

३५. सूचना तथा सञ्चार मन्त्रालय— अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३६. सूचना तथा सञ्चार मन्त्रालय— दक्षिण एशियाली उपक्षेत्रिय आर्थिक सहयोग सूचना राजमार्ग आयोजनाको परामर्श सेवा सम्बन्धी खर्चको भेरियेसन स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३७. स्वास्थ्य मन्त्रालय— डा.मिश्री लाल साहले दिनु भएको राजीनामा स्वीकृत गर्ने।

३८. स्वास्थ्य मन्त्रालय— स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी (दोश्रो संशोधन) निर्देशिका, २०७३ स्वीकृत विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३९. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने–

क्र.सं.	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री दिनेशकुमार थपलिया	सचिव, सूचना तथा सञ्चार मन्त्रालय	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२.	श्री मोहनकृष्ण सापकोटा	सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय	सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय
३.	श्री महेन्द्रमान गुरुङ्ग	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सचिव, सूचना तथा सञ्चार मन्त्रालय
४.	श्री कृष्णप्रसाद देवकोटा	क्षेत्रीय प्रशासक, मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेत	सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय

४०. पशुपक्षी विकास मन्त्रालयका सचिव श्री अन्नपूर्णानन्द दास अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।